# काव्य हेतु : एक अध्ययन

विष्णुप्रसाद चापागाई

**लेखसार :**

प्रस्तुत लेखमा काव्य हेतुको परिचय एवम् काव्य हेतुको प्रकारको विश्लेषण गर्ने प्रयास गरिएको छ। काव्य हेतुबारे पूर्वीय आचार्य साथैहरुले दिएको परिभाषा एवम् विचारलाई केलाउने प्रयास गरिएको छ। साथै पाश्चात्य विद्धान्हरुको परिभाषा एवम् विचारलाई र नेपाली विद्धान्हरुको परिभाषालाई संक्षिप्त रुपमा चर्चा गरिएको छ। सिर्जनात्मक लेखनका कारक वा हेतु बारे पूर्व र पश्चिम दुवैतिर गहन रुपमा विचार गरिएको छ। पूर्वमा संस्कृतमा सिर्जनका कारक बारे भामहदेखि पण्डितराज जगन्नाथसम्म व्यापक चिन्तन मनन भएको पाइन्छ। यस विषयमा सबै विचारहरुको एउटै मत भने छैन। सिर्जनाका कारकहरु बारे पाश्चात्य विद्धान्हरुमा पनि मत भिन्नता पाइन्छ। त्यहाँ पनि कारकहरु बारे लामो र व्यापक चिन्तन गरिएको देखिन्छ। पाश्चात्य मतमा प्लेटो, अरस्तु, होरेस, लोन्जाइनस, नवशास्त्रवादी, वर्डस्वर्थ कलरिज प्रगतिवादी चिन्तन लगायतका मतहरुलाई संक्षिप्त रुपमा चर्चा गरिएको छ। नेपाली विद्धान्हरुले काव्य हेतु बारे गरेका परिभाषालाई पनि संक्षिप्त रुपमा चर्चा गरिएको छ। साथै काव्य हेतुका मुख्य तीन प्रकार प्रतिभा, व्युत्पत्ति र अभ्यासलाई विश्लेषण गरी प्रतिभा, व्युत्पत्ति र अभ्यासका आधारमा गरिएको कविहरुको विभाजनलाई प्रस्तुत गरिएको छ।

*शब्द कुञ्जिका :* स्रष्टा, अभिव्यञ्जनात्मक वृत्ति, उन्मेष, छन्दशास्त्र, प्रज्ञा।

## विषय परिचय :

कारण वा अभिप्रायलाई हेतु भनिन्छ। साहित्यमा भने साहित्य र रचनाका लागि क्षमता उत्पन्न गर्ने साधन विशेषलाई साहित्य हेतु वा कारण भनिन्छ। साहित्य सिर्जनाको सामर्थ्य उत्पन्न गराउने मूल साधन यही हेतु हो। यसले साधन वा कारण बनेर काव्यको सिर्जना गराउने हुँदा यसलाई कारण भनिएको हो। काव्य हेतु काव्यको प्रेरक तत्व भएको हुँदा यसलाई काव्य उत्पत्तिको कारणको रुपमा विवेचना गरिएको पाइन्छ। पूर्वीय काव्यशास्त्रको परम्परालाई खोतल्दै जाँदा साहित्य हेतुको लामो परम्परा रहेको पाइन्छ। काव्य हेतुबारे मत अघि सार्न विद्धान्हरुको मुख्यत दुई सम्प्रदाय वा दुई वर्ग देखा पर्छ। पहिलो वर्गमा प्रतिभालाई प्रमुख हेतु र व्युत्पत्ति तथा अभ्यासलाई संस्कारक मानिएको पाइन्छ। यस वर्गमा राजशेखर, हेमचन्द्र, वाग्भट, जयदेव, जगन्नाथजस्ता आर्चायहरु पर्दछन्। अर्को वर्गमा प्रतिभा, व्युत्पत्ति र अभ्यास तीनवटै काव्यासिर्जनाका अनिवार्य कारक मानिएको पाइन्छ। यस मतका समर्थक वामन, दण्डी, रुद्रट, मम्मट आदि रहेका छन्। पूर्वीय आर्चायहरुमा काव्य हेतु के के हुन र तिनको सङ्ख्या के कति छ भन्ने कुरामा मत भिन्नता रहेको पाइदैन। दुवै वर्गले प्रतिभा, व्युत्पत्ति र अभ्यासलाई काव्य हेतु मानेका छन्। फरक केवल तिनलाई महत्व दिने सन्दर्भमा देखिन्छ। पहिलो वर्गले प्रतिभालाई सर्वोपरि महत्व र अन्यलाई त्यसका तुलनामा गौण महत्व दिएको छ भने दोस्रो वर्गले तीनै वटा हेतुलाई समान महत्व दिएको छ। दोस्रो वर्गले समान महत्व दिए पनि प्रतिभालाई सर्वप्रथम उल्लेख गरेको हुँदा प्रतिभा नै काव्यको प्रमुख हेतु हो र अरु चाहिँ सहायक हेतु हुन् भन्ने प्रष्ट हुन्छ। (शर्मा र लुइटेल, २०६३, पृ ७-८) पूर्वीय काव्य साहित्यमा देखापरेका भामहदेखि जगन्नाथ सम्मका काव्यशास्त्रीहरुले काव्य हेतुमा प्रतिभा, व्युत्पत्ति र अभ्यासलाई स्वीकार गरेका छन्।

काव्य हेतु बारे पाश्चात्य विद्धान्हरुमा पनि मत भिन्नता पाइन्छ। त्यहाँ पनि कारकहरु बारे लामो र व्यापक चिन्तन भएको देखिन्छ। अरस्तु पूर्वका ग्रिसेली विद्धान् एवम् सर्जकहरुले दैवी प्रेणालाई सिर्जनाको कारक मानेको उल्लेख प्राप्त हुन्छ। कारक सम्बन्धी दैवी धारणा प्लेटोका समयसम्म कायम नै रहेको देखिन्छ। अरस्तुले दैवी प्रेरणालाई अमान्य गरेका छन् र मानवीय स्वभाव एवम् प्रवृत्तिलाई यसको कारक मानेका छन्। उनले निपुणताका साथै अभ्यासलाई पर्याप्त बल दिएका छन्। होरेसले प्रतिभा, शास्त्रज्ञान, सजग विवेक र चिन्तनलाई सिर्जनाका कारक मानेका छन्। लोन्जाइनसले प्रतिभा र अभ्यास दुवैलाईृ कारक मानेका छन्। वर्डस्वर्थले प्रतिभा, चिन्तन मनन, इमानदारी र कल्पनालाई मानेका छन्। मनो विज्ञानी फायडले वासनाको दमनलाई एडलरले अभाव पन्छाउने कामनालाई र युङ्गले जीवनेच्छालाई सिर्जनाका कारक मानेका छन्। प्रगतिवादीहरु प्रतिभालाई कारक मान्ने पक्षमा देखिदैनन्। उनीहरुका विचारमा मानवीय सत्ताद्धारा निर्मित चेतना र परिवेशगत मुल्य वृष्टि सिर्जनाका कारक हुन् भन्ने मट रहेको छ। (पौडेल, २०६०, पृ ४०४)

नेपाली साहित्यमा काव्य हेतुका सम्बन्धमा विद्धान्हरुमा विभिन्न मत पाइन्छ। नाटककार वालकृष्ण समले साहित्य सिर्जनाको मूल हेतुका रुपमा प्रतिभालाई सर्वोपरि महत्व दिएका छन्। समको विचारमा संयमित र सन्तुलित प्रतिभा नै साहित्यका लागि आवश्यक हुन्छ। महाकवि लक्ष्मीप्रसाद देवकोटाले साहित्य हेतुका रुपमा प्रतिभालाई विशेष महत्व दिएका छन्। रामकृष्ण शर्माले जिजीविषा (बाँच्ने इच्छा) लाई साहित्यको प्रेरक तत्वका रुपमा लिएका छन्। (थापा, २०६६, पृ १५-१७)

यसरी काव्य हेतुका सम्बन्धमा पूर्वीय आचार्य पाश्चात्य विद्धान्, र नेपाली विद्धान् एवम् साहित्य कारहरुबाट विभिन्न विचारहरु प्रकट भएका छन्। प्रस्तुत लेखमा काव्य हेतुका बारेमा आएका विद्धान्हरुको यिनै विचारलाई संक्षेपमा केलाउने र काव्य हेतुका प्रकारलाई स्पष्ट पार्ने प्रयास गरिएको छ।

**अध्ययनको उद्देश्य :** पूर्वीय साहित्य परम्परा र पाश्चात्य साहित्य परम्परामा काव्य हेतु र यसका प्रकारका सम्बन्धमा के कस्तो विवेचना गरिएको छ। सो सम्बन्धी अध्ययन गर्ने यस लेखको उद्देश्य रहेको छ।

## सामग्री सङ्कलन र अध्ययन विधि :

प्रस्तुत लेखमा आवश्यक सामग्री द्बितीयक स्रोतबाट लिएको छ। द्बितीयक स्रोतका सामग्रीका रुपमा काव्य हेतुका बारेमा गरिएका विभिन्न अध्ययन, विश्लेषण तथा समीक्षालाई लिइएको छ। यसमा सामग्री सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ। साथै विधुतीय माध्यमबाट पनि सामग्री सङ्कलन गरिएको छ। यस लेखमा सङ्कलित सामग्रीको अध्ययनका लागि काव्य हेतुको परिचय, परिभाषा, पूर्वीय, पाश्चात्य तथा नेपाली विद्धान्हरुको प्रकट भएका विचार एवम् काव्य हेतुको प्रकार सम्बन्धी गरिएको विश्लेषणलाई आधार मानेर गरिएको छ। तसर्थ यस लेखको अध्ययन विधि गुणात्मक अध्ययन ढाँचामा व्याख्यात्मक र वर्णनात्मक विधि अपनाइएको छ।

## काव्य हेतु : परिचय

सर्जकले आफ्नो अन्तस्करणमा रहेको भावलाई प्रकाशन गर्दा काव्य वा साहित्यको रचना हुन्छ। काव्य रचनाका लागि केही न केही तत्व आवश्यक हुन्छ। काव्य रचनाका लागि केही न केही साधन वा कारण बनेको हुन्छ। जसलाई कारक तत्व पनि भन्न सकिन्छ। यही काव्य वा साहित्य

सिर्जनाका लागि सामर्थ्य उत्पन्न गराउने मुल साधनलाई काव्य वा साहित्य हेतु भनिन्छ । ( शर्मा र लुइटले, २०२३ पृ ७) सबै स्रष्टा वा सर्जकले यही काव्य हेतुबाट प्रेरित भई काव्य साहित्यको रचना गर्दछन् । हेतुकै कारण सिर्जना हुने भएकाले हेतुलाई सिर्जनाको कारक भनिन्छ । संस्कृत भाषाका प्राचीन श्लोकहरुमा पनि काव्य हेतुका बारेमा चर्चा गरेको पाइन्छ । जसमा प्रतिभा, शास्त्रहरुको अभ्यास, देवता र गुरुमा भक्ति, विद्धान्हरुका साथ वार्तालाप आदि जस्ता तत्वलाई काव्य हेतु मानेको पाइन्छ । यसरी काव्य हेतु काव्य वा साहित्य उत्पत्तिको मूल कारणको रुपमा रहेको हुन्छ ।

पूर्वीय साहित्य शास्त्रमा काव्य हेतुबारे चिन्तन मननको लामै परम्परा रहेको छ । यस्तो चिन्तन परम्परा प्रारम्भमा भामहदेखि निरन्तर रुपमा अगाडि बढेर आचार्य जगन्नाथसम्म कायम रहेको पाइन्छ । **अतः** काव्य हेतुको चिन्तन मननको लामै परम्परा देखिन्छ । तर पनि हेतुबारे आचार्यहरुमा एकै मत भने देखिदैन । काव्य हेतुको चर्चा गर्ने क्रममा आचार्यहरु दुई मुख्य सम्प्रदायमा बाडिएको देखिन्छ । यस सम्बन्धमा राजशेखर, हेमचन्द्र, वाग्भट, जयदेव, जगन्नाथ आदि आचार्यले काव्यको प्रमुख हेतु प्रतिभालाई मान्दछन् भने व्युत्पत्ति तथा अभ्यासलाई त्यसका संस्कारक मान्दछन् । यस सम्बन्धमा वाग्भट भन्दछन् । कविहरुको प्रतिभा नै काव्य निर्माणको कारण हो । व्युत्पत्ति र अभ्यास त्यसैका संस्कारक हुन् । अर्कातिर वामन, दण्डी, रुद्रट, मम्मट आदि आचार्यहरुले प्रतिभा, व्युत्पत्ति र अभ्यासलाई काव्यका अनिवार्य कारक मान्दछन् । यस सम्बन्धमा मम्मट भन्दछन् 'शक्ति (प्रतिभा) निपूर्णता (व्युत्पत्ति) र अभ्यास यी तीन काव्य उद्‌भवका सम्मिलित कारण हुन् । पृथक पृथक होइनन ।' (शर्मा र लुइटले २०६३,पृ ७) यसरी पूर्वीय आचार्यहरुले काव्य रचनाको कारण वा हेतुमा प्रतिभा, व्युत्पत्ति र अभ्यासलाई स्वीकार गरेका छन् । दुवै थरी आचार्यहरुले यी तीन हेतु प्रतिभा, व्युत्पत्ति र अभ्यासलाई मानेका छन् । तथापि यी हेतुको महत्वको सन्दर्भमा भने भिन्न मत राखेका छन् । राजशेखर, हेमचन्द्र, वाग्भट, जयदेव, जगन्नाथ आदि जस्ता आचार्यहरुले प्रतिभालाई काव्य हेतुका रुपमा उच्च महत्व दिएका छन् भने व्युत्पत्ति र अभ्यासलाई गौण महत्व दिएका छन् । अर्को तर्फ वामन दण्डी, रुद्रट, मम्मट आदि आचार्यहरुले प्रतिभा, व्युत्पत्ति र अभ्यास गरी काव्यका तीनै हेतुलाई समान महत्व दिएका छन् । तर पनि प्रतिभालाई सबैभन्दा पहिले उल्लेख गरेकाले प्रतिभा नै प्रमुख हेतु वा महत्वपूर्ण हेतु रहेको भन्ने प्रष्ट हुन्छ । यसरी पूर्वीय आमह देखि जगन्नाथ सम्मका आचार्यहरुले प्रतिभा, व्युत्पत्ति र अभ्यासहरुलाई काव्य हेतुका रुपमा स्वीकारेका छन् ।

काव्य हेतुका बारेमा पाश्चात्य साहित्यमा पनि व्यापक चिन्तन गरिएको पाइन्छ । यस बारेमा पाश्चात्य विद्धान्हरुमा पनि मत भिन्नता पाइन्छ । अरस्तु पूर्वका ग्रिसेली विद्धान् एवम् सर्जकहरुले दैवी प्रेरणालाई सिर्जनाको कारक मानेको उल्लेख प्राप्त हुन्छ । महाकवि होमरले पनि सिर्जनाको लागि दैवी प्रेरणालाई स्वीकार गरेका छन् । कारक सम्बन्धी दैवी धारणा प्लेटोका समयसम्म कायम नै रहेको देखिन्छ । उनले फिड्रस शीर्षक आफ्नो संवादमा भनेका छन् - 'यो विक्षिप्तता तिनमा हुन्छ जो वाग्देवीसँग आविष्ट हुन्छन् ।' यसै अनुरुप प्लेटो दैवी प्ररणालाई सिर्जनात्मक विक्षेपको सर्वश्रेष्ठ रुप मान्छन् । अरस्तुले आफ्नो ग्रन्थ काव्य शास्त्रमा दैवी प्ररणालाई अमान्य गरेका छन् र मानवीय स्वभाव एवम् प्रवृत्तिलाई यसको कारक मानेका छन् । उनका मतमा निपूर्णता नै सिर्जनाको प्रमुख कारक हो । उनले निपूर्णताका साथै अभ्यासमा पनि पर्याप्त बल दिएका छन् र साथै प्रतिभाको महत्व पनि सकारेका छन् । उनले प्रतिभालाई आत्माको सहजात शक्ति अर्थात **अन्तः** प्ररेणा मानेका छन् । (पौडेल, २०६०, पृ ४०३) होरेसले प्रतिभा, शास्त्रज्ञान, सजग विवेक र चिन्तनलाई सिर्जनाका कारक ठानेका छन् । लोन्जाइनसले प्रतिभा र अभ्यास दुवैलाई कारक मानेका छन् । यस गरी क्रोचेले अभिव्यञ्जनात्मक वृत्ति (मानिसमा हुने सहानुभूति र त्यसको अभिव्याक्ति) लाई मानेका छन् । नव्य

शास्त्रवादीहरुले प्रतिभा, अभ्यास र अध्ययनलाई महत्व दिए पनि प्रतिभाका तुलनामा अभ्यास र अध्ययनलाई बढी महत्व दिएको पाइन्छ। वर्डस्वर्थले प्रतिभा, चिन्तन मनन, इमानदारी र कल्पनालाई सिर्जनाका कारक मानेका छन्। कलरिजले प्रतिभा, सहृदयता, विवेक र अध्ययनलाई कारक मानेका छन्। शेलीले प्रतिभा, चिन्तन मनन, अभ्यास र अध्ययन सिर्जनाका कारक मानेका छन्। मनोवैज्ञानिकहरु फायडले वासनाको दमनलाई एडलरले अभाव पन्छाउने कामनालाई र युङ्गले जीवनेच्छालाई सिर्जनाका कारक मानेका छन्। प्रगतिवादी चिन्तकहरु प्रतिभालाई कारक मान्ने पक्षमा देखिदैनन्। उनीहरुका विचारमा मानवीय सत्ताद्वारा निर्मित चेतना र परिवेशगत मूल्यवृष्टि सिर्जनाका कारक हुन्। (पौडेल, २०६० पृ ४०४)

नेपाली साहित्यका साहित्यकार एवम् समालोचकहरुले पनि काव्य हेतुबारे चर्चा गरेका छन्। नाटककार वालकृष्ण समले साहित्य सिर्जनाको मुल हेतुको रुपमा प्रतिभालाई सर्वोपरि महत्व दिएका छन्। संयमित र सन्तुलित प्रतिभा नै साहित्यका लागि आवश्यक हुन्छ भन्ने उनको विचार रहेको छ। त्यस्तै महाकवि लक्ष्मीप्रसाद देवकोटाले साहित्य हेतुका रुपमा प्रतिभालाई सर्वोपरि स्थान दिएका छन्। कलाको उत्पत्ति मनुष्यको अनन्त चेतको प्रतिभाबाट हुन्छ भन्ने उनको विचार रहेको छ। प्रतिभाको अतिरिक्त देवकोटाले कल्पनालाई साहित्य हेतुको अर्थमा विशेष महत्व दिएका छन्। यस्तै समालोचक रामकृष्ण शर्माले जिजीविषा (बाँच्ने इच्छा), चेतना, सम्झना र इच्छालाई साहित्यको हेतुका रुपमा लिएका छन्। (थापा, २०६६, पृ १५-१७)

काव्य हेतुका सम्बन्धमा पूर्वीय आचार्यहरुले ३ वटा प्रतिभा, व्युत्पत्ति र अभ्यासको चर्चा गरेका छन्। पाश्चात्य कारकहरु १५ वटा देखा पर्दछन्। जसमा दैवी प्रेरणा, निपूर्णता, अभ्यास, प्रतिभा, शास्त्र ज्ञान, चिन्तनमनन, अध्ययन, कल्पना, सहृदयता, आत्माभिव्यक्ति, वासनाको दमन, अभाव पन्छाउने भावना, जीवनेच्छा, जीवनचेतना एवम् मूल्यवृद्धि रहेका छन्। यी मध्ये अधिकांश पाश्चात्य विद्वान्हरुले मानेका कारकहरु निम्न ३ वटा छन् : प्रतिभा (मुख्य), अध्ययन (गौण) र अभ्यास (गौण) त्यसैगरी नेपाली विद्वान्हरुले पनि काव्य हेतुका रुपमा प्रतिभा, कल्पना, जिजीविषा आदिलाई मानेको पाइन्छ।

## काव्य हेतुका प्रकार

पूर्वीय साहित्य शास्त्रमा काव्य हेतुका रुपमा निम्न लिखित तीन तत्वहरुको विषद व्याख्या एवम् चर्चा गरिएको पाइन्छ : १. प्रतिभा २. व्युत्पत्ति ३. अभ्यास।

## प्रतिभा :

प्रतिभा काव्य रचना गर्ने प्रमुख हेतु वा कारक हो। प्रतिभालाई शक्ति शब्दको प्रयोग पनि गरिएको पाइन्छ। कुनै व्यक्ति विशेषमा हुने खुबि, शक्ति, निपूर्णता नै प्रतिभा हो र त्यो जीवन जगत्को गहन पर्यवेक्षण तथा अनुभवबाट व्यक्तिले आत्मसात गरेको हुन्छ। विद्वान्हरु प्रतिभालाई साहित्य निर्माणको बीज तत्व मान्छन्। साहित्य वा काव्य त्यतिखेर निर्माण हुन्छ जब व्यक्ति भित्र प्रतिभा संस्कारका रुपमा जागृत हुन्छ। त्यसैले प्रतिभा सम्पन्न व्यक्तिले मात्र साहित्य सिर्जना गर्न सक्दछ। प्रतिभाको अभावमा कसैबाट पनि साहित्य सिर्जना हुन सक्दैन। प्रतिभा बिना पनि यदि साहित्य रचना भइहाले पनि त्यसले काव्यात्मक वा साहित्यिक उचाइ प्राप्त गर्न सक्दैन। त्यसैले आचार्यहरु प्रतिभालाई नै सर्वोत्कृष्ट काव्य हेतु मान्दछन्। प्रतिभाका सम्बन्धमा पूर्वीय आचार्यहरु विचार यस प्रकार प्रस्तुत गरेका छन् :

भामह - काव्यको रचना गर्ने एक मात्र हेतु प्रतिभा हो ।

रुद्रट - अनेक प्रकारका भाव उत्पन्न हुने शक्ति प्रतिभा हो ।

वामन - काव्यको बीज प्रतिभा हो ।

कुन्तक - अनौठो काव्य शक्ति प्रतिभा हो ।

मम्मट - काव्य रचना गरउने संस्कार विशेष प्रतिभा हो ।

हेमचन्द्र - नवीनताको उल्लेख गर्ने प्रज्ञा वा बुद्धिलाई प्रतिभा भनिन्छ ।

भट्टतौत - नवीनताको उन्मेष गर्ने प्रज्ञा वा बुद्धिलाई प्रतिभा भनिन्छ ।

अमिनव गुप्त - अपूर्व वस्तुको निर्माण गर्न  सक्ने प्रज्ञा वा बुद्धिलाई प्रतिभा भनिन्छ ।

आचार्यहरुको यस परिभाषाले प्रतिभा काव्य सिर्जनाको मूल शक्ति हो भन्ने प्रष्ट हुन्छ । नयाँ कुरा सिर्जना गर्ने शक्ति , अनौठो काव्य शक्ति, नवीनताको उल्लेख गर्ने शक्ति, अपूर्व वस्तुको निर्माण गर्न सक्ने प्रज्ञा वा बुद्धि नै प्रतिभा हो भनेर प्रतिभालाई जोड दिएका छन् । यसरी काव्य वा साहित्यको रचना गराउने मुख्य हेतु वा कारण प्रतिभा नै हो भन्ने प्रष्ट हुन्छ ।

**प्रतिभाका २ भेद छन : जुन निम्न हुन् :**

१. कारयित्री प्रतिभा : काव्यको रचना गराउने वा सिर्जना गराउने प्रतिभालाई कारयित्री प्रतिभा भनिन्छ । यो निम्न ३ प्रकारको हुन्छ ।

(क) सहजा : सर्जकको जन्मजात वा नैसर्गिक प्रतिभालाई सहजा प्रतिभा भनिन्छ । यस्तो प्रतिभा भएको स्रष्टालाई सारस्वत सर्जक भनिन्छ ।

(ख) आहार्या : सर्जकको परिश्रम र अभ्यासबाट प्राप्त प्रतिभालाई आहार्या भनिन्छ । यस्तो प्रतिभा भएको स्रष्टालाई आभ्यासिक सर्जक भनिन्छ ।

(ग) औपदेशिक : तन्त्रमन्त्र, साधना वा वरदानका रुपमा प्राप्त प्रतिभालाई औपदेशिक भनिन्छ । यस्तो प्रतिभा भएको स्रष्टालाई औपाधिक सर्जक भनिन्छ ।

२. भावयित्री प्रतिभा : भावक बनाउने वा समालोचक बनाउने प्रतिभालाई भावयित्री प्रतिभा भनिन्छ ।

**व्युत्पत्ति :**

साहित्य रचनाको अर्को महत्वपुर्ण  हेतु व्युत्पत्ति हो । पूर्वीय आचार्यहरुले व्युत्पत्तिलाई प्रतिभा पछिको दोस्रो काव्य हेतुका रुपमा स्वीकार गरेका हुन् । व्युत्पत्ति भन्नाले विभिन्न शास्त्र, विद्या, दर्शन, लोक व्यवहार आदिको उच्च अध्ययन, अनुसन्धान र अनुभव प्राप्त गरी निपूर्णता वा दक्षता प्राप्त गर्नु हो । व्युत्पत्ति शब्दका लागि निपूर्णता शब्दको प्रयोग गरिएको पाइन्छ । ज्ञान विज्ञान र लोक व्यवहारको अध्ययन, अनुसन्धानबाट प्राप्त हुने दक्षता वा निपूर्णता नै व्युत्पत्ति हो । कुनै पनि प्रतिभा सम्पन्न साहित्यकारले देश कालको प्रभावलाई समेट्न नसकेमा पूर्ण साहित्यको रचना गर्न सक्दैन । देश, काल र परिस्थितिको प्रभालाई पूर्ण र उचित रुपमा व्यक्त गर्नका लागि स्रष्टामा अधययनको आवश्यकता पर्दछ । प्रतिभा भित्र व्यक्तिका सबल र दुर्बल दुवै कुरा रहने गर्दछ । तसर्थ

सामाजिकताको अध्ययन गरेर देश, काल, परिस्थिति अनुरुप साहित्य सिर्जना गर्नका लागि अध्ययन वा व्युत्पत्ति आवश्यक पर्दछ । तसर्थ पूर्वीय आचार्यहरु व्युत्पत्तिलाई पनि काव्य निर्माणको महत्वपूर्ण हेतु मान्दै आएका हन् । पूर्वीय विद्धान्हरुको व्युतपत्ति सम्बन्धी केही परिमाणलाई यस प्रकार प्रस्तुत गरिएको छ :

हेमचन्द्र - लोशास्त्र र काव्यमा निपूर्णता नै व्युत्पत्ति हो ।


राजशेखर - बहुज्ञाता नै व्युत्पत्ति हो ।

यायावरीय - उचित र अनुचितको विवेक नै व्युत्पत्ति हो ।

भामह - व्युत्पन्न सर्जकका लागि व्याकरण , छन्द, कोष, अर्थशास्त्र, इतिहासश्रित कथा, लोकव्यवहार, तर्कशास्त्र र कलाको मन्न आवश्यक हुन्छ ।

दण्डी - व्युत्पत्तिका लागि लोक, विद्या र प्रकीर्ण तीन काव्याङ्गहरुको ज्ञान आवश्यक छ भन्ने बताएका हुन् ।

दण्डीले प्रस्तुत गरेको काव्याङ्गहरुमा निम्न कुराहरु समेटेका छन् :




(पौडेल, २०६० पृ, ४०२)

आचार्य राजशेखरले व्युतपत्तिका आधारमा कविहरुको निम्नानुसार तीन वर्गीकरण गरेका छन् :

१. शास्त्र कवि : काव्यमा शास्त्र वा शास्त्रमा काव्य लेख्ने सर्जक ।

२. काव्य कवि : रचना शब्द, अर्थ, अलङकार, उक्ति, रस, रीति, शास्त्रार्थ आदिलाई प्रधानता दिने सर्जक । यस वर्गको सर्जकलाई महाकवि भनिन्छ ।

३. उभयकवि : शास्त्र र काव्य दुवैको रचना गर्ने कवि ।

संक्षेपमा व्युत्पत्ति काव्य हेतुको अर्को महत्वपूर्ण तत्व हो । व्युत्पत्ति लोकशास्त्र, काव्यमा निपूर्णता, वहुज्ञाता, लोकव्यवहार आदिको अध्ययन, अनुसन्धान, अनुभवबाट निपूर्णता वा दक्षता प्राप्त गर्नु हो । त्यसैले सर्जकमा यस व्यापक विश्वको जतिबढी ज्ञान (व्युत्पत्ति) हुन्छ त्यति नै राम्रो काव्यको रचना हुन्छ ।

**अभ्यास :**

काव्यको तेस्रो हेतु अभ्यास हो । अभ्यासले काव्य वा साहित्य लेखनको अभ्यासलाई बुझाउँछ । अभ्यासले के कुरा ब्यक्त गर्छ भने कुनै कार्यमा निरन्तर लागि रहनु वा पुनः पुनः प्रवृत हुनु भन्ने हुन्छ । साहित्यका सन्दर्भमा अभ्यासले सिर्जनालाई परिष्कृत परिमार्जित र औचित्यपूर्ण बनाउँदछ । दीर्घकालीन स्मरण बढाउन र भाव वा विचारलाई आत्मसात गराउन अभ्यासले सहयोग पुऱ्याउँछ । कवि जतिसुकै प्रतिभाशाली भएपनि, जतिसुकै व्युत्पन्न भएपनि अभ्यास विनाको सिर्जना अधुरो र अपुरो हुनजान्छ । किन कि सिर्जनालाई काल, जाति, धर्म, संस्कृति आदि अनुरुप भयो कि भएन काँटछाट गरेर केलाउने र परिष्कृत गर्ने कार्य भयो कि भएन जसबाट सिर्जनामा सुन्दरता र निखारपन आउन सक्दछ । यी सबै पक्षलाई मिलाउने र साहित्यको रचना गर्ने कार्य अभ्यासबाट सम्भव हुन्छ । यसैले अभ्यास महत्वपूर्ण काव्य हेतुका रुपमा रहेको छ । 'अभ्यासबाट नै प्रतिभा र व्युत्पत्तिको परिष्कार र परिमार्जन हुन्छ । अभ्यास काव्य कलामा प्रस्तुत हुने प्रौढता र परिपक्वताको आधारभूमि हो । यसैले पनि दण्डीले अभ्यासमा जोड दिएका छन् । प्रतिभा नभए पनि शास्त्रको अधययन र अभ्यासबाट काव्य रचना हुन सक्दछ भन्ने उनको विचार रहेको छ । (थापा, २०६६ पृ.११) काव्य रचनाका लागि आचार्य राजशेखरले समाधिको पनि उल्लेख गरेका छन् । समाधि भनेको मनको एकाग्रता हो । उनले अभ्यासलाई बाह्य प्रयत्नका रुपमा र समाधिलाई आन्तरिक प्रयत्नका रुपमा चर्या गरेको हुँदा समाधिलाई अभ्यासकै आन्तरिक प्रयत्नका रुपमा लिन सकिन्छ । यसलाई छुट्टै काव्य हेतुका रुपमा मानिदैन ।

अभ्यासका आधारमा कविहरुको निम्नलिखित श्रेणीकरण गरिएको पाइन्छ ।

१) हृदय कवि- मनमनै सिर्जना गरेपनि अरुबाट लुकाउने कवि ।
२) अत्यापदेशी - आफ्नो रचना अर्काको नामले सुनाउने कवि ।
३) सेविता- कुनै सर्जकलाई आदर्श बनाएर सिर्जना गर्ने कवि ।
४) घटमान- फुटकर रचना मात्र लेख्न सक्ने कवि ।
५) महाकवि- प्रबन्ध काव्य समेत लेख्न सक्ने कवि ।
६) आवेशिक- अवेशका समयमा लेख्ने कवि ।
७) आशु कवि- तत्काल धारा प्रवाह सिर्जना गर्ने कवि ।
(शर्मा र लुइटेल, २०६३, पृ. १०)

यसरी प्रतिभा नभएपनि शास्त्रको ज्ञान र अभ्यासबाट काव्य रचना हुन सक्दछ भन्ने विद्वान्हरुको भनाई र अभ्यासबाट काव्य कलामा प्रस्तुत हुने प्रौढता र परिपक्वताको आधारभूमि तयार हुने भएकाले साहित्य सिर्जनामा अभ्यासको विशिष्ट स्थान रहेको छ। अनि अभ्यासकै आधारमा कविहरुको श्रेणीकरण गरिएकोले पनि काव्य हेतुका रुपमा अभ्यासको महत्व प्रष्ट हुनजान्छ ।

**निष्कर्ष :**

यस प्रकार काव्य र साहित्य सिर्जनाका लागि कारण बनेर आउने वा सामर्थ्य उत्पन्न गराउने मूल साधन काव्य हेतु हो । पूर्वीय साहित्य शास्त्रमा काव्य हेतुका बारेमा गम्भीर चिन्तन मनन गरेको पाइन्छ । जसमा प्रतिभा, व्युत्पत्ति र अभ्यासलाई प्रमुख काव्य हेतुका रुपमा चर्चा गरिएको छ । पूर्वीय आचार्य भामहदेखि जगन्नाथसम्म अधिकांश आचार्यहरुले यही तीनवटा काव्य हेतु प्रतिभा, व्युत्पत्ति र अभ्यासलाई स्वीकार गरेको पाइन्छ । यी तीन हेतु मध्ये प्रतिभालाई सर्वाधिक महत्व

दिएको पाइन्छ । त्यसैगरी पाश्चात्य विद्धान्हरुले पनि काव्य हेतुका सम्बन्धमा गम्भीर चर्चा गरेका छन् । पाश्चात्य मतमा प्लेटो पूर्व ग्रिसेली विद्धान्, महाकवि होमर, प्लेटो, अरस्तु, होरेस, लोन्जाइनस, क्रोचे, नव्यशास्त्रवादीहरु, वर्डस्वर्थ, कलरिज, शेली, फ्राइड, एडलर, युङ्ग , प्रगतिवादीहरु आदिले काव्य हेतु वा सिर्जनाको प्रमुख कारक तत्वको चर्चा गरेका छन् । उनीहरुले काव्य हेतुका बारेमा प्रतिभा, व्यत्पत्ति र अभ्यासका साथसाथै दैवीप्रेरणा, मानवीय स्वभाव एवम् प्रवृत्ति, शास्त्रज्ञान, अभ्यास, अभिव्यञ्जनात्मक वृत्ति, अभ्यास र अध्ययनलाई, सहृदयता, चिन्तन मनन, वासनाको दमन, जीवनेच्छा, अभाव पन्छाउने कामना आदिलाई काव्य हेतु मानेका छन् । प्रगतिवादी चिन्तकहरु प्रतिभालाई कारक मान्ने पक्षमा देखिदैनन् । उनीहरु मानवीय सत्ताद्वारा निर्मित चेतना र परिवेशगत मुल्यवृत्ति सिर्जनाका कारक हुन् भन्दछन् ।

काव्य हेतुका प्रकारका बारेमा पनि पूर्व र पश्चिममा चर्चा गरेको पाइन्छ । पूर्वीय काव्य परम्परामा काव्य हेतुका ३ प्रकार प्रतिभा, व्युत्पत्ति र अभ्यासको चर्चा गरिएको छ । पश्चिममा भने काव्य हेतुको सङ्ख्या १५ देखा पर्दछ । जसमा दैवी प्रेरणा, निपूणता, अभ्यास, प्रतिभा, शास्त्रज्ञान, विवेक, चिन्तनमनन, अध्ययन, कल्पना, सहृदयता, आत्माभिव्यक्ति, वासनाको दमन, अभाव पन्छाउने भावना, जीवनेच्छा, जीवन चेतना एवम् मुल्यवृद्धि रहेका छन् । यी मध्ये अधिकांशले मानेका कारकहरु ३ वटा देखा पर्दछन् । जसमा प्रतिभा (मुख्य) अध्ययन (गौण), अभ्यास (गौण) रहेका छन् । नेपाली विद्वान्हरुले प्रतिभा, कल्पना, जिजीविषा, चेतना, सम्झना र इच्छालाई काव्य हेतु मानेका छन् ।

## सन्दर्भग्रन्थ सूचि

शर्मा, माहेनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६६), *शोधविधि,* ललितपुर : साझा प्रकाशन

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६३), *पूर्वीय र पश्चात्य साहित्य सिद्धान्त,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

थापा, मोहनहिमांशु (२०६६), *साहित्य परिचय,* ललितपुर : साझा प्रकाशन ।

पौडेल, डा. भूपहरि (२०६०) *शोध र सिर्जना सिद्धान्त,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

गुप्त, डा. थान्ति स्वरुप (२००६) *पाश्चात्य काव्यशास्त्र के सिद्धान्त,* दिल्ली : अशोक प्रकाशन ।

ढकाल, डा. प्रमोद (२०७६) *पूर्वीय दर्शनको पुनर्व्याख्या,* काठमाण्डौं : बिग फ्यामिलि भेन्चर्स ।

उपाध्याय , केशवप्रसाद (२०५५) *पूर्वीय साहित्य-सिद्धान्त,* काठमाडौं : साझा प्रकाशन ।

अधिकारी, रविलाल (सम्पा) (२०५५) *गोविन्द भट्टका समालोचना,* काठमाडौं : बगर फाउण्डेशन नेपाल ।

**विष्णु प्रसाद चापागाई** यज्ञोदय दुधनाथ थारु बहुमुखी क्याम्पसमा नेपाली शिक्षा विषयका शिक्षण सहायकका रूपमा कार्यरत हुनुहुन्छ । उहाँ शिक्षाशास्त्र सङ्काय अन्तर्गत नेपाली विषय अध्यापन गराउदै आउनु भएको छ । उहाँको अध्ययन, अध्यापन र अनुसन्धान रुचिको क्षेत्र रहेको छ । उहाँले त्रिभुवन विश्व विद्यालय मानविकी सङ्कायबाट एम.ए. नेपाली विषयमा शैक्षिक योग्यता हासिल गर्नुभएको छ ।